# चुरे गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालननिर्देशिका,२०७६

गााउँकार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७६।१२।१९

## प्रस्तावना

चुरे गाउँपालिका भित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा संचालनमार्फत सरल, भरपर्दो र व्यवस्थित सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी चुरे गाँउपाालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ** :

(क) यो निर्देशिकाको नाम **"एम्बुलेन्स सेवा सञ्चालननिर्देशिका, २०७६"** रहेको छ

(ख) यो निर्देशिका गाँउकार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "एम्बुलेन्स " भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "एम्बुलेन्स जनशक्ति"भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) "चालक"भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "गाँउपालिका"भन्नाले चुरे गाँउपाकिालाई सम्झनु पर्छ ।

(ङ) "सेवाशुल्क"भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) "समिति"भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(छ) "सेवा"भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

३. **एम्बुलेन्स सेवाव्यवस्थापनतथाअनुगमन समिति** :

(१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमनतथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष- संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष- सदस्य

(ग) प्रमुख प्रशासकीयअधिकृत - सदस्य

(घ) कार्यपालिकाका सदस्यहरु मध्ये कम्तिमा १ महिला सहित ३ जना सदस्य

(ड. प्रतिनिधि,रेडक्रस सोसाईटी- सदस्य

(ङ) स्वास्थ्य संस्थाप्रमुखहरु मध्ये एक जना – सदस्य

(च)गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको कुल सदस्य सङ्ख्यामध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार :**(१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ :-

(क) एम्बुलेन्स सेवापारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरेनगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने, यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमाकुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा एक वर्ष नपुगि पुनरावलोकन गर्न नपाइने ।

(ङ) सरोकारवाला तथा अन्य सङ्घहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवाबारे समिक्षा बैठक गर्ने ,

(च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसुची बमोजिम सेवाशुल्कलिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवाप्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**(५) सेवाशुल्क सम्बन्धीव्यवस्**था :

(१) एम्बुलेन्स सेवाप्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) माउल्लेख भए अनुसारको रकम सेवाशुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवाबापत उठेको रकम गाउँपालिकाले एक अलग बैक खाता/कोष खडागरी त्यसमा जम्मा गर्नेछ ।

(३) कोषको संचालन गाउँपार्यपालिका बाट हुनेछ ।

(४) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँपालिकामा रहने छ ।

(५) सेवा दिए बापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(६) कोषको रकम गाउँकार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्य योजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यत याचालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**(६) चालकको नियुक्तीर सेवा सुविधा :**

(१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँकार्यपालिकाले नियमानुसार एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधादफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

**(७) एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार :**

(१) एम्बुलेन्स सहजपुर स्वास्थ्य चौकीको  हाता भित्र रहनेछ ।

(२) एम्बुलेन्सको नियमितमर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ ।

**(८) विविधः**

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिको सिफारीसमा गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

# अनुसूची १

## (निर्देशिकाको दफा (५) संग सम्बन्धित)

## सेवाशुल्क सम्बन्धी दररेट

१. एम्बुलेन्स प्रबेश शूल्कवाफत रु ५०० लाग्नेछ ।

२. बिमारी सवार भएपछि प्रति कि.मि रु ५० -(पचास प्रतिकिमि) का दरले भाडा लाग्नेछ ।

३. गाउँपालिका क्षेत्रभित्र १० किमि सम्म प्रबेश शूल्क वाफत रु ५०० मात्र सो भन्दा बढी प्रतिकिमि रु ५० का दरले लाग्नेछ ।

४. बाटोमालाग्ने करहरु प्रयोगकर्ताले नै बेर्होनु पर्नेछ ।

५. गाउँपालिका क्षेत्र भित्रका विपन्न वर्ग, दलित, अपाङ्ग एवम् एकल महिला वा पुरुषलाई निजलाई प्रमाणित गर्ने वार्ड सिफारीस सहित तोकिएको कागजात (नेपाली ना. प्र प्र, बसाईसराई गरेको भए बसाईसराई प्रमाणपत्र) पेश गरेमा एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले प्रबेश शूल्क बाहेकको रकममा  न्यूनतम ५० प्रतिशत सम्म छुट प्रदान गर्न सक्नेछ ।

## अनुसूची २

## (निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)

## एम्बुलेन्स चालकले पालनागर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालननिर्देशिका, २०७५ लाई पूर्णत पालनागर्नुपर्नेछ ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मानमर्यादामा खलल पुग्ने कुनै कामगर्न नहुने, मादकपदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,।

३. बिरामीको ओसारपसार तथाउपचार गर्नेक्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवाप्रदान गर्नुपर्नेछ ।

४. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने, आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्नेछ ।

५. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्नेछ ।

६. बिरामीलाई बिच बाटोमा छाड्न नहुने, आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्नेछ ।

७. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्नेछ।

८. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभावपार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्नेछ ।

९. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

**श्पथनमूना**

म ................................................ ठेगाना ..................................
ना.प्र.प.नं. ..............................जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ..................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु। ..........जिल्ला.................... ..................... संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालनागर्न सहमति जनाई सही छाप गरेको छु।

चालकको नामः

दस्तखतः

मिति :

रोहोवरमा बस्नेको नामः

दस्तखतः

मिति :

सस्थाको छाप

# अनुसूची ३

## (निर्देशिकाको दफा ८ को उपदफा (१) सँग सम्बन्धीत)

## “ग”वर्गको (Common Life Support (CLS)एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aidका सामानहरु
- Oxygen Cylinder, Flow Meter / Maskजडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injectionदिन सक्ने व्यवस्था,
- Stretcher Cum Board
- Stethoscope, B.P. Apparatus, Torchlight,
- Driver With basic training
- Emergency Medicine